# निजी वन व्यवस्थापन
# Private Forest Management



प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, सोलुखुम्बु

# भाग १
# निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संघ र संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्दछ ।

## १. विद्यमान अवस्था

नेपालको काठ दाउरा उत्पादनमा निजी क्षेत्रको ठूलो भूमिका छ ।

- बिजेन्द्र बस्न्यात लगायतले सन् २०२० मा गरेको अध्ययन अनुसार नेपालको कुल काठ उत्पादन मध्ये निजी क्षेत्रको हिस्सा ८६.६ प्रतिशत, सरकारद्वारा व्यवस्थित वनको ७.७ प्रतिशत र सामुदायिक वनको हिस्सा ५.५ प्रतिशत देखाएको छ ।
- वन तथा वातावरण मन्त्रालय र भन्सार विभागको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८।०७९ मा २ करोड १२ लाख घनफिट (२१.२ मिलियन घफि) काठ उत्पादन भएको छ । आर्थिक वर्ष २०७७।०७८ मा १ करोड ९४ लाख घनफिट (१९.४ मिलियन घफि) उत्पादन भएको छ ।
- नेपालमा सरदर वार्षिक ७ लाख घनफिट काठ विदेशबाट निर्यात हुने गर्दछ ।
- केशब राज कनेल लागयतले सन् २०१२ मा गरेको अध्ययन अनुसार नेपालको वन पैदावरको माग सन् २०२५ मा १५ करोड ८८ लाख (१५८.८ मिलियन) घनफिट र सन् २०३० मा १६ करोड चालिस लाख (१६९.४ मिलियन) घनफिट हुने प्रक्षेपण गरेको थियो ।
- राष्ट्रिय योजना आयोगको १५औं योजना (०७६—०८१) ले झन्डै ६६ लाख हेक्टर वन क्षेत्रमध्ये एकतिहाइ मात्र दिगो वन व्यवस्थापनमा लैजाँदा काठको उत्पादन बढाएर १० करोड घनफिट पुऱ्याउन उल्लेख गरेको छ ।
- वन सर्वेक्षण तथा अनुसन्धान विभागका अनुसार दुई अर्ब ५६ करोड रूख रहेको नेपालमा १०,६३५ ३५ लाख घनमिटर स्टम्पेज भ्यालु छ । यसमध्ये ०.०५ प्रतिशत मात्र काट्ने हो भने पनि नेपालमा प्रतिवर्ष ६० लाख घनमिटर काठ उत्पादन गर्न सकिन्छ ।

## २. निजी वन दर्ता प्रक्रिया

१. निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले देहाय बमोजिमका कागजात संलग्न गरी सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधारसहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. उक्त निवेदन उपर सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखेमा आफ्नो सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ । यसरी जाँचबुझ गर्दा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ ।

३. यसरी पेस हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता गरी वन नियमावली २०७९ को अनुसूची-४७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

४. स्थानीय तहले दर्ता भएका निजी वनको अद्यावधिक लगत राख्नु पर्नेछ ।

तर तपसिल बमोजिमको अवस्थामा निजी वन दर्ता हुनेछैन ।

१. अव्यवस्थित वसोबास, पुनर्वास, मुक्त कमैया, हलिया, भूमिहीन, सुकुम्बासीलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गा,
२. एकाघर संगोलमा रहेको अवस्थामा अंशियारहरुको सहमति नभएको,
३. प्रचलित कानुनले तोकेको जग्गाको हदबन्दी भन्दा बढी जग्गा भएको,
४. कुनै अंशियार विदेशमा रहेको भएमा वारेशनामा नभएको र
५. कुनै पनि जग्गाको सम्बन्धमा हक वेहकको प्रश्न उठी मुद्दा अदालतमा विचाराधीन रहेको ।

## ३. निजी वन व्यवस्थापन कार्ययोजना

१. कार्ययोजना तयार गरी निजी वन दर्ता गराउन चाहने निजी वन धनीले निजी वनको संरक्षण, संवर्द्धन, सदुपयोग र विकास समेतका विषयलाई समावेश गरी वन प्राविधिकको सहयोगमा आफ्नो निजी वनको वन कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

२. उक्त पेस भएको वन कार्ययोजना जाँचबुझ गरी परिमार्जन गर्नु पर्ने भएमा परिमार्जन समेत गरी डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ र निजी वन धनीले त्यस्तो वन कार्ययोजनाको कार्यान्वयन गर्नु पर्नेछ ।

३. निजी वन धनीले आफ्नो कार्ययोजना कार्यान्वयनका लागि आफ्नै खर्चमा वन प्राविधिक राखी व्यवस्थापन गर्न सक्नेछ ।

४. निजी वन व्यवस्थापन कार्ययोजना निर्माण गर्न निजी वन धनीले प्राविधिक सहयोगको लागि डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमा निवेदन दिएमा सम्बन्धित कार्यालयले आफ्नो कार्यबोझ व्यवस्थापन गरी वन प्राविधिक पठाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

५. यस नियम बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहले आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्न सक्नेछ ।

६. प्रदेशभित्रको राष्ट्रिय वन र सार्वजनिक जग्गासँग सिमाना जोडिएको निजी जग्गामा रहेका रुख दर्ता गराउन र कटान गर्नको लागि सम्बन्धित जिल्लाको नापी कार्यालय वा सम्बन्धित स्थानीय तहमा रहेको अमिनबाट त्यस्तो जग्गा निजी स्वामित्वको भएको व्यहोरा प्रमाणित गराउनु पर्नेछ ।

७. निजी वन धनीले निजी वनको वन पैदावार आवश्यकता अनुसार बाह्रै महिना सङ्कलन, ओसारपसार, बिक्री वितरण र सदुपयोग गर्न सक्नेछ ।तर, व्यवसायिक प्रयोजनका लागि असार एक गतेदेखि भदौ मसान्तसम्म रुख कटान र सङ्कलनको कार्य गर्न पाइने छैन ।

८. निजी वनमा बहुमूल्य काठ तथा औषधीजन्य सुगन्धित वा बहुउपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातिको विकास, विस्तार र प्रवर्धनका लागि मन्त्रालयले विशेष कार्यक्रम लागू गर्न सक्नेछ ।

९. प्रदेशभित्रको राष्ट्रिय वन र सार्वजनिक जग्गाको काठलाई निजी वनको काठमा मिसाई वा निजी वनको काठको रुपमा बिक्री गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह मानी प्रचलित कानुन बमोजिम दण्ड सजाय र जरिवाना हुनेछ ।

# भाग २
# निजी वन पैदावरको सदुपयोग

## ४. व्यवसायिक प्रयोजन

**<u>एउटै स्थानीय तहभित्र भित्रको हकमा</u>**

निजी वन धनी वा खरीदकर्ताले व्यवसायिक प्रयोजनको लागि निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र ओसारपसार गर्न देहाय बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी कटान र सङ्कलन गर्न चाहेको वन पैदावारको नाम र परिमाण, संख्या उल्लेख गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

पर्नेछः-

(क) जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि,

(ख) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) चालू आर्थिक बर्षमा जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) सम्बन्धित नापी कार्यालयबाट प्रमाणित भएको जग्गाको कित्ता नम्बर खुलेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) जग्गा प्राप्तिको स्रोत र स्वामित्वको विषय समेत खुल्ने गरी सम्बन्धित जिल्लाको मालपोत कार्यालयले गरेको सिफारिस,

(च) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात, संचालक समितिको निर्णयको प्रतिलिपि र संस्थाको मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर सम्बन्धी कागजातको प्रतिलिपि ।

(छ) निजी वन दर्ताको प्रमाणपत्र

२. उपरोक्त बमोजिम निवेदन परेमा चेकजाँचका लागि स्थानीय तहले वन प्राविधिक खटाउनु पर्नेछ । स्थानीय तहमा त्यस्तो प्राविधिक नभएमा सम्बन्धित क्षेत्रको सब-डिभिजन वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ । वन प्राविधिक कटान गर्ने रुखको छपान गर्नु पर्नेछ । त्यसरी छपान गरिएको रुखको तोकिएको तरिका र तोकिएको मूल्यदर बमोजिम मूल्याङ्कन गरी तयार भएको लगत स्थानीय तह समक्ष पेस गर्नु पर्नेछ। तर, रुख कटान गर्नु पर्ने निजी वन प्रदेशभित्रको राष्ट्रिय वनको सिमानसँग जोडिएको भए कटान र सङ्कलन गर्नुपर्ने वन पैदावारको जिपिएस को अर्डिनेट सहितको काण्ड नक्साङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल एरोर (ईपीई) समेत खुलेको विवरण तयार गरी संलग्न गर्नु पर्नेछ ।

३. यसरी पेस गरेको लगतका आधारमा स्थानीय तहले अनुसूची-३९ बमोजिमको ढाँचामा कटान र सङ्कलन अनुमति दिन सक्नेछ । निजी वन धनी वा खरिदकर्ताले छपान टाँचा लागेका रुख मात्र कटान गर्नु पर्नेछ । तर प्रदेशभित्रको राष्ट्रिय वनको सिमानासँग जोडिएको निजी वनबाट रुख कटान

गरेको भए कटान गरेपछि निजी वन धनीले कटान भएको गोलिया र रुखको फेद (ठुटा) मा इनामेलले छपान बमोजिमको रुख नम्बर लेख्नु पर्नेछ।

४. कटान भएका गोलियालाई निजी वन धनीले कटान रजिष्टर खडा गरी कटान तथा सङ्कलन इजाजतपत्रमा तोकिएको स्थानमा गोलियामा लेखेको नम्बरिङ देखिने गरी घाटगद्दी गरी सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ । पेस भएको विवरणका आधारमा स्थानीय तहले चेकजाँच गरी अनुसूची ४० बमोजिमको ढाँचामा बिक्री वितरण तथा ओसारपसारको अनुमति दिनु पर्नेछ । स्थानीय तहले त्यसरी दिएको अनुमतिको जानकारी डिभिजन वन कार्यालयलाई समेत दिनु पर्नेछ ।

**अन्तर स्थानीय तह वा जिल्ला बाहिरको हकमा**

१. निजी वनको धनी वा खरिदकर्ताले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख वा अन्य वन पैदावार व्यवसायिक प्रयोजनका लागि जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न माथि तोकिए बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी कटान र सङ्कलन गर्न चाहेको वन पैदावरको नाम र परिमाण, संख्या उल्लेख गरी सम्बन्धित सब- डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. सम्बन्धित सब-डिभिजन प्रमुखले जाँचवुझ गरी कटान र सङ्कलन इजाजत दिन उपयुक्त देखिएमा रुखको मूल्याङ्कन विवरण देखिने गरी तयार भएको लगत सहितको विवरण डिभिजन बन कार्यालयमा पेस गर्नु पर्नेछ । उक्त विवरणको आधारमा डिभिजन बन कार्यालयले कटान र सङ्कलन अनुमति दिन सक्नेछ ।

३. निजी वन धनी वा खरिदकर्ताले छपान प्रकृया पूरा गरी कटान रजिष्टर खडा गरी कटान र सङ्कलन इजाजतपत्रमा तोकिएको स्थानमा गोलियामा लेखिएको नम्बरिङ्ग देखिने गरी घाटगद्दी गर्नु पर्नेछ र सोको विवरण सब- डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

४. पेस भएको विवरण सब-डिभिजन वन कार्यालय प्रमुखले चेकजाँच गरी डिभिजन बन कार्यालयलाई गरेको सिफारिसका आधारमा डिभिजन वन कार्यालयले बिक्री वितरण तथा ओसारपसारको अनुमति दिनु पर्नेछ । त्यसरी दिएको अनुमतिको जानकारी गन्तव्य स्थलको डिभिजन वन कार्यालय र स्थानीय तहलाई समेत दिनु पर्नेछ ।

५. यस नियम बमोजिम ओसारपसार गर्दा निजी वन धनी वा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा र सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ ।

६. यस नियम बमोजिम स्थानीय तह वा डिभिजन बन कार्यालयले दिएको ओसारपसारको अनुमतिपत्रको जानकारी सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

७. कुनै व्यक्तिको निजी आवादीमा रहेका बढीमा पच्चीस वटासम्मका रुख सम्बन्धित सब-डिभिजन वन कार्यालय प्रमुखको रोहबरमा कटान गरी स्थानीय तह भित्र स्थानीय तहको अनुमति र

अन्तरस्थानीय तह र अन्तरजिल्लाको हकमा डिभिजन वन कार्यालयको अनुमतिमा ओसारपसार गर्न सकिनेछ ।

## ५. घरायसी प्रयोजन

### एकै स्थानीय तह वा अन्तर स्थानीय तहको हकमा

(१) घरायसी प्रयोजनका लागि निजी वन धनीले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी सम्बन्धित स्थानीय तहभित्र वा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्न उल्लेख भए बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र परिमाण, संख्या उल्लेख गरी स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

२. उक्त निवेदन उपर सम्बन्धित स्थानीय तहले जाँचबुझ गरी कटान र सङ्कलन अनुमति दिन सक्नेछ । अनुमति प्राप्त भएमा निजी वन धनीले कटान र सङ्कलन इजाजतपत्रमा उल्लेख भए अनुसारको वन पैदावार कटान गरी ओसारपसारको लागि चेकजाँच गर्न स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

३. जानकारी प्राप्त भएपछि स्थानीय तहले चेकजाँच गरी निजी वन धनीलाई त्यस्तो वन पैदावार स्थानीय तहभित्र वा जिल्लाभित्रको अर्को स्थानीय तहमा ओसारपसार गर्न अनुमति दिन सक्नेछ । त्यसरी जिल्लाभित्रको अर्को स्थानीय तहको लागि ओसारपसारको अनुमति दिएमा स्थानीय तहले गन्तव्य स्थलको स्थानीय तह र सब- डिभिजन वन कार्यालयलाई सोको जानकारी गराउनु पर्नेछ ।

### जिल्ला बाहिरको हकमा

१. घरायसी प्रयोजनका लागि निजी वनको धनीले निजी वनमा रहेका पच्चीस वटाभन्दा बढी संख्यामा रुख कटान वा अन्य वन पैदावार सङ्कलन गरी एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न माथि तोकिए बमोजिमका कागजात र प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सम्बन्धित सब-डिभिजन वन कार्यालयमा कटान र सङ्कलन गरी ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र संख्या उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

२. उक्त निवेदन उपर सब-डिभिजन वन कार्यालय प्रमुखले जाँचबुझ गरी तयार भएको लगत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ ।

३. प्राप्त भएको लगतको आधारमा डिभिजन कार्यालयले कटान र सङ्कलनको अनुमति दिन सक्नेछ । अनुमति प्राप्त भएमा निजी वन धनीले कटान र सङ्कलन इजाजत पत्रमा उल्लेख भए अनुसारको वन पैदावार कटान वा सङ्कलन गरी ओसारपसारको लागि चेकजाँच गर्न सब-डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

४. उत्पादन भएको गोलियाको विवरण प्राप्त भएपछि सब-डिभिजन वन कार्यालयले चेकजाँच गरी ओसारपसारको लागि डिभिजन कार्यालयमा सिफारिस गर्नु पर्नेछ । उक्त सिफारिसका आधारमा

डिभिजन वन कार्यालयले निजी वन धनीलाई त्यस्तो वन पैदावार एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न अनुमति दिन सक्नेछ । त्यसरी दिएको अनुमतिको जानकारी गन्तब्य जिल्लाको डिभिजन वन कार्यालय र स्थानीय तहलाई समेत दिनु पर्नेछ । यस नियम बमोजिम स्थानीय तह वा डिभिजन वन कार्यालयले दिएको ओसारपसारको अनुमतिपत्रको जानकारी जिल्लाको जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयलाई समेत दिनु पर्नेछ ।

५. यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको निजी आवादीमा रहेका बढीमा पच्चीस वटासम्मका रुख सब डिभिजन वन कार्यालय र स्थानीय तहलाई जानकारी गराई घरायसी प्रयोजनका लागि कटान गरी उपयोग गर्न सकिनेछ ।

तालिका: निजी वन पैदावर संकलन सारांश

| **क्र.सं.** | **प्रयोजन** | **रुख संख्या** | **ओसारपसार क्षेत्र** | **निवेदन पेश गर्ने** | **कटान संकलन दिने** | **ओसारपसार सहमति दिने** |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक | <२५ | सबै | - | सब डिभिजन वन कार्यालयको रोहवरमा | स्थानीय तह वा डिभिजन वन कार्यालय |
| २ | व्यवसायिक | >२५ | स्थानीय तह भित्र | स्थानीय तह | स्थानीय तह | स्थानीय तह |
| ३ | व्यवसायिक | >२५ | जिल्ला भित्रको अन्तरस्थानीय वा अन्तरजिल्ला | सब डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय |
| ५ | घरायसी | <२५ | घरायसी | | सडिवका र स्थानीय तहलाई जानकारी गराई | - |
| ४ | घरायसी | >२५ | स्थानीय तह वा अन्तर स्थानीय तह | स्थानीय तह | स्थानीय तह | स्थानीय तह |
| ५ | घरायसी | >२५ | एक जिल्लाबाट अर्को जिल्ला | सब डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय | डिभिजन वन कार्यालय |

## ६. कृषि उपज सरह ओसारपसार

निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्री र ओसारपसार गर्न सकिने वन पैदावार प्रजातिहरु

| | | |
|---|---|---|
| क) काष्ठ प्रजाति | (ख) जडीबुटी प्रजाति | (ग) अन्य वन पैदावार प्रजाति |

| | | |
|---|---|---|
| १. अम्बा<br>२. हलुवावेद<br>३. कपोक<br>४. आँप<br>५. नीम<br>६. काभ्रो<br>७. इपिलइपिल<br>८. बकाईनो<br>९. गोल्डमोहर<br>१०. इमली<br>११. बबुल<br>१२. टिक<br>१३. सिसौ (वृक्षारोपण)<br>१४. मसला<br>१५. लहरे पीपल<br>१६. क्यासिया सियामिया<br>१७. लिची<br>१८. मोलाटो<br>१९. कटहर<br>२०. लप्सी<br>२१. वीरेन्द्रफूल<br>२२. कदम<br>२३. टुनी<br>२४. उत्तिस<br>२५. चिलाउने<br>२६. कटुस<br>२७. खोटे सल्ला<br>२८. गोब्रे सल्ला | १. अमला<br>२. सिल्टिमुर<br>३. कचुर<br>४. कुरिलो, सतावरी<br>५. केसर<br>६. घ्यूकुमारी<br>७. चिउरी<br>८. चिराईतो<br>९. टिमुर<br>१०. तेजपात<br>११. तुलसी<br>१२. बेल<br>१३. बोझो<br>१४. बोधिफल, बोधिचित्त<br>१५. मसलाको पात<br>१६. रिट्ठा<br>१७. रुद्राक्ष<br>१८. लप्सी<br>१९. क्यामोमाईल<br>२०. मेन्था<br>२१. लेमनग्रास<br>२२. सिट्रोनेला<br>२३. पामारोजा | १. अम्रिसो/अम्लिसो<br>२. बाँस निगालो<br>३. अल्लो<br>४. बनकस, बाबियो |

# भाग ३
# नेपालका प्राथमिकता प्राप्त जडीबुटीहरु

## १. नेपालका प्राथमिकता प्राप्त जडीबुटीहरु

| क्र.सं | वैज्ञानिक नाम | नेपाली नाम | फैलावट (मि) | प्रयोग हुने भाग | मुख्य प्रयोग |
|---|---|---|---|---|---|
| १ | Aconitum heterophyllum | अतिस | २४००-४१०० | जरा, गानो | औषधी |
| २ | Aconitum spicatum | विष | ३३००-४३०० | जरा, फूल, पात | औषधी |
| ३ | Acorus calamus | बोझो | २००-२३०० | जरा | सुगन्धित तेल, औषधी |
| ४ | Asparagus racemosus | कुरिलो, सतावरी | १५०-२१०० | जरा, टुसा | खाना, औषधी |
| ५ | Azadirachta indica | नीम | १००-९०० | सम्पूर्ण भाग | औषधी |
| ६ | Bergenia ciliate | पाखनवेद | १६००-३६०० | प्रकन्द | औषधी |
| ७ | Cinnamomum glaucescens | सुगन्धकोकिला | २०००-२५०० | फल | औषधी, सुगन्धित तेल |
| ८ | Cinnamomum tamala | तेजपात | ४५०-२१०० | बोक्रा | औषधी, मसला |
| ९ | Ophiocordyceps sinensis | यार्सागुम्बा | ४२००-५००० | पूरै ढुसी र लार्भा | औषधी, ताकत |
| १० | Dactylorhiza hatagirea | पाँचऔंले | २८००-४००० | गानो | औषधी |
| ११ | Dioscorea deltoidea | भ्याकुर | ४५०-३१०० | जरा, फल | खाना |
| १२ | Gaultheria fragrantissima | धसिंग्रे, पटपटे | १२००-२७०० | पात | सुगन्धित तेल, औषधी |
| १३ | Juglans regia | ओखर | १२००-३००० | फल, बोका | खाना, रङ, औषधी |
| १४ | Morchella conica | गुच्ची च्याउ | २०००-३५०० | पूरै विरुवा | खाना, टनिक |
| १५ | Nardostachys grandiflora | जटामसी | ३६००-५००० | प्रकन्द | औषधी, सुगन्धित तेल |
| १६ | Neopicrorhiza scrophulariiflora | कुट्की | ३६००-४८०० | जरा, प्रकन्द | औषधी |
| १७ | Lichens | झ्याउ | | पूरै बिरुवा | खाना, औषधी |
| १८ | Phyllanthus emblica | अमला | १५०-१४०० | फल | खाना, औषधी |
| १९ | Piper longum | पिप्ला | २००-८०० | फल, डाँठ | औषधी, मसला |
| २० | Podophyllum hexandrum | लघुपत्र | २४००-४५०० | जरा, प्रकन्द | औषधी |
| २१ | Rauvolfia serpentina | सर्पगन्धा | १००-१२०० | जरा | औषधी |
| २२ | Rheum austral | पदमचाल | ३०००-४२०० | प्रकन्द, डाँठ | खाना, औषधी |
| २३ | Rubia manjith | मजिठो | १२००-२१०० | डाँठ, जरा | रङ, औषधी |
| २४ | Sapindus mukorossi | रिठ्ठा | १०००-१४०० | फल, बोका, बीउ | औषधी, डिटरजेन्ट |
| २५ | Swertia chirayita | चिराइतो, तिते | १५००-३००० | पूरै बिरुवा | औषधी |
| २६ | Tagetes minuta | जङ्गली सयपत्री | १२००-२५०० | पूरै बिरुवा | औषधी, सुगन्धित तेल |
| २७ | Taxus wallichiana | लौठ सल्ला | २४००-३४०० | पात | औषधी |
| २८ | Tinospora sinensis | गुर्जो | ३००-१५०० | लहरा | औषधी, जडीबुटी चिया |
| २९ | Valeriana jatamansii | सुगन्धवाल | १५००-३६०० | जरा, प्रकन्द | औषधी, सुगन्धित तेल, धूप |
| ३० | Zanthoxylum armatum | टिमुर | ११००-२५०० | फल | मसला, सुगन्धित तेल, औषधी |

# भाग ४
# वृक्षारोपण




१. सबैभन्दा पहिले बेर्ना रोप्ने ठाउँमा रहेका झारपातलाई उखलेर ठाउँको सफाई गर्नुपर्दछ ।

२. बेर्ना रोप्न खाल्टो खन्नुपर्दछ । खाल्टोका लागि डेढ देखि दुई हात चौडाईको गोलाकार वा वर्गाकारमा भुइँ तास्नु वा खुर्किनु पर्दछ ।





३. एकहात जति गहिरो हुने गरी खाल्टो खनेर माटो निकाल्नुपर्दछ । खनेर निस्केको माटो केही दिन बाहिर नै राखी फेरी खाल्टो भित्रै राख्नुपर्दछ ।

| | |
|---|---|
| ४. प्रत्येक खाल्टोको एक आपसको दूरी वृक्षारोपणको उद्देश्य, जमिनको भिरालोपन र प्रजातिअनुसार तय गर्नु पर्दछ । जस्तै रूख प्रजातिको लागी समथरमा २.५ मि. x२.५ मि. |  |
|  | ५. विरुवालाई असर नपर्ने गरि नर्सरीबाट वृक्षारोपण स्थलसम्म विरुवा दुवानी गरेपछि वेर्ना रोप्ने तयारी तर्फ लाग्नुपर्दछ । बेर्ना रोप्नुभन्दा पहिले माटो नखस्ने गरी पुरै प्लास्टिक झिक्नुपर्दछ । यसका लागि धारिलो चक्कु वा छुरा (ब्लेड) ले प्लास्टिकलाई चिर्नुपर्दछ । |
| ६. त्यसपछि माटो नखस्ने गरी पुरै प्लास्टिकको थैली झिक्नुपर्दछ । |  |
|  | ७. बेर्ना रोप्नका लागि पहिले नै खनी पुरीराखेको खाल्टोको बीचमा एउटा प्वाकल बनाउनुपर्दछ । |

८. प्वाकल बनाउँदा प्वाकल थैलीको उचाइ जतिको गहिरो हुनुपर्दछ । कम भयो भने खन्नुपर्दछ र बढी भयो भने माटो भर्नुपर्दछ ।





९. यसपछि बेर्नालाई रोप्नुपर्दछ । बेर्ना रोप्दा सिधा हुनेगरी ठीक गहिराइमा रोप्नुपर्दछ ।

१०. बेर्ना रोपिसकेपछि बर्नाको चारैतिर दुवै हातले राम्ररी माटो थिच्नुपर्दछ । बिरुवा रोप्दा उक्त ठाउँमा पानी जम्मा हुन मिल्ने गरी खाल्टो पुर्नुपर्दछ ।





१०. वृक्षारोपण वर्षादमा गर्नुपर्दछ । अन्यथा वृक्षारोपण पश्चात विरुवामा पानी सिंचीत गर्नुपर्दछ ।

११. पहिले बेर्ना लगाएका ठाउँमा बेर्ना मर्न गयो भने त्यस ठाउँमा फरि बेर्ना रोप्नुपर्दछ । यस्तो कामलाई पुनः रोपण भनिन्छ । यो काम सुरू बेर्ना लगाएको वर्षबाट अर्को वर्षको वर्षातको समयमा गर्नुपर्दछ ।





१२. चौपाया बस्तुभाउबाट बेर्ना बचाउन काँडेदार तारबार बेरेर बेर्ना रोपिएको क्षेत्रलाई, खासगरी बजार क्षेत्र नजिक, सुरक्षित पार्न सकिन्छ । तर तारले घेर्दा धेरै खर्चिलो हुन्छ ।

# भाग ५
# फारामहरु

## १. बिक्रीनामा

लिखितम् जिल्ला सोलुखुम्बु, .................................... न.पा./गा.पा. वडा नं. ..... बस्ने वर्ष ........ को ....................................................... को नाममा रहेको तपसिलमा उल्लेखित ठेगाना, कित्ता र क्षेत्रफलको जग्गाभित्रको ...................... जातका गैह्रकाष्ठ वन पैदावार आफैले लगाई, हुर्काई संरक्षण गरिराखेकोमा हाल उक्त वन पैदावार संकलन गरी बिक्री गर्नु पर्ने भएको र सोको लागी गरिनु पर्ने प्रक्रियागत कार्य गर्न म आफू स्वमं नभ्याउने हुँदा राजीखुसीसँग ................................ जिल्ला ............................... न.पा./गा.पा. वडा नं. ..... बस्ने ......................................... को नाति ...................................... को छोरा वर्ष ............... को ............................................... लाई वारेस मञ्जुरीनामा लेखी-लेखाई सही छाप गरी दिएको छु। निज वारेसवालाले नियमानुसार सम्बन्धित ठेगाना, कित्ता र क्षेत्रफलको जग्गाभित्रकको गैह्रकाष्ठ वन पैदावार बेच-बिखन गरेमा मैले कुनै पनि किसिमको उजुर-वाजुर गर्ने छैन, गरेमा यसै कागज बमोजिम बदर भएमा मेरो मञ्जुरी छ भनि यो वारेस मञ्जुरीनामा लेखि-लेखाई सही छाप गरी दिएको छु। साथै म ................................................ उक्त वन पैदावार ओसार-पसार गर्नको लागि गरिनु पर्ने प्रकृयागत कार्य गर्न सहमत छु।

**तपसिल**

| **क्र.सं.** | **ठेगाना** | **वडा नं.** | **कि.नं.** | **क्षेत्रफल** |
|---|---|---|---|---|
| १. | जिल्ला सोलुखुम्बु, साविक ..........................गा.वि.स. | | कि.नं. | |

**<u>वारेस मञ्जुरीनामा दिनेः</u>**

नामः

ठेगानाः

हस्ताक्षरः

मितिः

**<u>वारेस मञ्जुरीनामा लिनेः</u>**

नामः

ठेगानाः

हस्ताक्षरः

मितिः

**साक्षीः**

जिल्ला सोलुखुम्बु, ............................... न.पा./गा.पा. वडा नं. ... बस्ने श्री ........................

जिल्ला सोलुखुम्बु, ...............................न.पा./गा.पा. वडा नं. ... बस्ने श्री .........................

**ईति सम्वत ............... साल ........... महिना............गते रोज ........शुभम्।**

## २. बिमार्का मुचुल्का गोलिया

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरू आगे जिल्ला सोलुखुम्बु, ......................................... न.पा./गा.पा. वडा नं. ...... बस्ने ...................................................... को नाममा दर्ता रहेको तपसिल बमोजिमका निजी जग्गामा ठहर भएका रूखको डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. ................ मिति ................................. को कटान आदेशानुसार कटान, मुछान भई सो बाट उत्पादित गोलिया काठको नापी-लगत सब-डिभिजन वन कार्यालय ........................ बाट प्रतिवेदनसाथ पेश भएकोमा डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. ................ मिति ................................. को आदेशानुसार उक्त काठमा विमार्का गर्नुपर्ने भएकोले घाटगद्दी स्थान जिल्ला सोलुखुम्बु .................................. न.पा./गा.पा. वडा नं. ........................................... मा सोही काठमा हाम्रो रोहवरमा व.वि. .......... "जा" टाँचाबाट थानैपिच्छे निस्सा लगाई सही छाप गरी यो विमार्का-मुचुल्का लेखी-लेखाई खटीआएको कर्मचारीमार्फत डिभिजन वन कार्यालय, सोलुखुम्बुमा चढायौं।

**तपसिल**

| क्र.सं. | जग्गाधनीको नाम, ठेगाना | रूख रहेको स्थान | प्रजाति | कटान रूख सं. | उत्पादित गोलिया सं. | परिमाण (घ.फि.) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**जग्गाधनी प्रतिनिधि रोहवर**

यसमा संलग्न लगत बमोजिम नाप, साईज र जातका जम्मा गोलिया थान ............. को ....................... क्यू.फी. काठमा मेरो रोहवरमा सम्बन्धित घाटगद्दी स्थानमा व.वि. ............... "जा" टाँचाबाट थानैपिच्छे निस्सा लगाई विमार्का गरी मुचल्का तयार गरिएको व्यहोरा ठिक साँचो हो भनी सहि छाप गर्ने जिल्ला ........................................................................ न.पा./गा.पा. वडा नं. ....... बस्ने श्री .......................................................

**सब-डिभिजन वन कार्यालयको कर्मचारी रोहवर**

सब-डिभिजन वन कार्यालय, ..................... का .................... श्री ..................................

सब-डिभिजन वन कार्यालय, ......................... का .................... श्री...............................

**काम तामेल गर्ने**

डिभिजन वन कार्यालय, सोलुखुम्बुका वन अधिकृत ............................................................

**ईति सम्वत ...................... साल ....................... महिना .......... गते रोज .......... शुभम्।**

## ३. बिमार्का मुचुल्का चिरान

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरू आगे जिल्ला सोलुखुम्बु, .......................................... न.पा./गा.पा. वडा नं. ...... बस्ने ....................................................... को नाममा दर्ता रहेको तपसिल बमोजिमका निजी जग्गामा ठहर भएका रूखको डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. ................. मिति .................................. को कटान आदेशानुसार कटान, मुछान भई सो बाट उत्पादित गोलिया काठको नापी-लगत सहित सब-डिभिजन वन कार्यालय ........................ बाट प्रतिवेदनसाथ पेश भएकोमा डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. ................. मिति .................................. को चिरान आदेशानुसार चिरान भई सो बाट उत्पादित चिरान काठमा डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. ................. मिति ..........................गतेको विमार्का गर्ने बारेको पत्रानुसार घाटगद्दी स्थान जिल्ला सोलुखुम्बु .................................... न.पा./गा.पा. वडा नं. ............................................ मा सोही काठमा हाम्रो रोहवरमा व.वि. .......... "जा" टाँचाबाट थानैपिच्छे निस्सा लगाई सही छाप गरी यो विमार्का-मुचुल्का लेखी-लेखाई खटीआएको कर्मचारीमार्फत डिभिजन वन कार्यालय, सोलुखुम्बुमा चढायौ।

**तपसिल**

| क्र. सं. | जग्गाधनीको नाम, ठेगाना | रूख रहेको स्थान र कि.नं. | प्रजाति | कटान रूख सं. | उत्पादित गोलिया सं. र परिमाण (घ.फि.) | चिरान गोलिया सं. र परिमाण (घ.फि.) | चिरान थान | चिरान परिमाण (घ.फि.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**जग्गाधनी प्रतिनिधि रोहवर**

यसमा संलग्न लगत बमोजिम नाप, साईज र जातका जम्मा चिरान थान ............. को ....................... घनफिट काठमा मेरो रोहवरमा सम्बन्धित घाटगद्दी स्थानमा व.वि. ..............

"जा" टाँचाबाट थानैपिच्छे निस्सा लगाई विमार्का गरी मुचल्का तयार गरिएको व्यहोरा ठिक साँचो हो भनी सहि छाप गर्ने जिल्ला ........................................................................ न.पा./गा.पा. वडा नं. ....... बस्ने श्री ...................................................

**<u>सब-डिभिजन वन कार्यालयको कर्मचारी रोहवर</u>**

सब-डिभिजन वन कार्यालय, ......................... का .................. श्री ................................

सब-डिभिजन वन कार्यालय, ......................... का .................... श्री ...............................

**<u>काम तामेल गर्ने</u>**

डिभिजन वन कार्यालय, सोलुखुम्बुका स.व.अ. ...............................................................

**ईति सम्वत ...................... साल ....................... महिना .......... गते ......... रोज शुभम्।**

## ४. सिल मुचुल्का

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरू आगे जिल्ला सोलुखुम्बु, न.पा./ गा.पा. ......................................... वडा नं. ......... बस्ने जग्गाधनी श्री .................................................. को नाममा दर्ता रहेको साविक ............................ गा.वि.स. वडा नं. ..... को कित्ता नम्बर .......................... मा रहेका .................... जातका रूखहरू कटान, मुछान भई सो बाट उत्पादित गोलिया/चिरान काठहरू सम्बन्धित घाटगद्दी स्थानबाट स्थानान्तरण गर्दा उक्त काठहरू लोड भएको बोझवाहकमा नियमानुसार सिल टाँचाले सिलबन्दी गरी छाडी दिने भनी डिभिजन वन कार्यालय, सोलुखुम्बुको च.नं. .............. मिति ........................................... गतेको पत्रबाट लेखि आएको हुँदा जग्गाधनी/ जग्गाधनी प्रतिनिधी एवं बोझवाहक चालक समेतको रोहवरमा तपसिल बमोजिम सिलबन्दी गरी सोको सिल मुचुल्का लेखि-लेखाई सही छाप गरी खटीएका कर्मचारी मार्फत डिभिजन वन कार्यालय, सोलुखुम्बुमा चढायौं।

**<u>तपसिल</u>**

| क्र.सं. | बोझवाहक नम्बर | सिल संख्या | स्थानान्तरीत | | |
|---|---|---|---|---|---|
| | | | काठ प्रजाति | थान | परिमाण(घ.फि.) |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>जग्गाधनी/ जग्गाधनी प्रतिनिधी रोहवरः</u>**

उपरोक्त बमोजिमका काठहरू मेरो रोहवरमा लोड भई सिल टाँचाले सिल गरी सोको मुचुल्का मेरो रोहवरमा भएको ठिक साँचो हो। बोझवाहक लैजाने क्रममा कुनै कारणवश बाटोमा सिल टुट फुट भएमा सम्बन्धित जिल्लाको नजिकको डिभिजन/सब-डिभिजन वन कार्यालयमा तुरून्तै जानकारी गराई नियमानुसार मात्र लैजाने छु भनी सहि छाप गर्ने जिल्ला .................................. न.पा./गा.पा. ................................... वडा नं. ........... बस्ने जग्गाधनी/जग्गाधनी प्रतिनिधी श्री ........................................................................

**<u>बोझवाहक चालक रोहवरः</u>**

| क्र.सं. | चालकको नाम | ठेगाना | बोझवाहक नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**<u>सब-डिभिजन रोहवरः</u>**

उपरोक्त बमोजिमका काठ मेरो रोहवरमा लोड भई सिल टाँचाले सिल गरी सोको मुचुल्का तयार भएको ठिक साँचो हो भनी सहि छाप गर्ने सब-डिभिजन वन कार्यालय, .................. का वन रक्षक श्री ......................................

**<u>काम तामेल गर्नेः</u>**

डिभिजन वन कार्यालय, सोलुखुम्बुका वन अधिकृत ............................................................

सव-डिभिजन वन कार्यालय, ........... वन रक्षक श्री .......................................................

**ईति सम्वत साल .................. महिना ....... गते रोज ........ शुभम् ।**

## जलवायु परिवर्तन कम गर्न तपाईले के गर्न सक्नुहुन्छ?

**Sustainability is Personal.**

१. प्लाष्टिकको प्रयोग कम गर्न सक्नुहुन्छ।

२. आफ्नो जन्मदिन, विवाह उत्सव आदि रुख रोपेर मनाउन सक्नुहुन्छु ।

३. विद्युतीय सामग्रीहरु जस्तै ईलेक्ट्रिक बाईक, ईलेक्ट्रिक चुल्होको प्रयोग गर्न सक्नुहुन्छ ।

४. स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिन सक्नुहुन्छ।

५. अनावश्यक लुगाको खपत कम गर्न सक्नुहुन्छ ।

६. खाना खेर फाल्न क्रम रोक्न सक्नुहुन्छ ।

७. आफ्नो कोठा, घर र कार्यालयमा बिजुलीको प्रयोग नहुँदा निभाउन सक्नुहुन्छ ।

८. मांसाहारी भोजनको उपभोग कम गर्न सक्नुहुन्छ ।

९.चाहिने भन्दा बढी सामग्रीहरुको खपत कम गर्न सक्नुहुन्छ ।

१०. जलवायु परिवर्तन सम्बन्धी जनचेतना फैलाउन र पैरवी गर्न सक्नुहुन्छ ।

परिवर्तन र राम्रो कामको सुरु आफैबाट !

हामीले नगरे कसले गर्ने अहिले नगरे कहिले गर्ने ।

### वन डढेलो कसरी रोक्न सकिन्छ?

१. हावाहुरीको समयमा बाहिर आगो बाल्नुहुँदैन ।

२. अग्निरेखाको नियमित सरसफाई गरौं ।

३. आफ्नो घर वरिपरि अग्नि सुरक्षा रेखा बनाऔं।

४. ठाउँ ठाउँ सामुदायिक पोखरी निर्माण गरौं ।

५. घाँसको लागि खरबारीमा नियन्त्रित आगो मात्र लगाऔं ।

६. वन भोज जाँदा आगो राम्रोसँग निभाएर मात्र फर्किऔं ।

७. वन डढेलो लगाउनेको गोप्य सूचना प्रदान गरौं ।

८. वन डढेलोको असरबारे जनचेतना फैलाऔं ।

सावधान!

**जंगलमा भालुसँग जम्काभेट हुन सक्छ ।** सतर्क रहनुहोस् ।

- जंगलमा एक्लै नजानुहोस् ।
- जंगलको बाटो भएर विद्यालय जाने भए केटाकेटीलाई एक्लै नपठाउनुहोस् ।
- सधैं प्रयोग हुने जंगलको बाटो दायाबायाँ झाडी सफाई गर्नुहोस ।
- जंगल भएर जाँदा लठ्ठी बोक्नुहोस ।
- जंगलमा मद्यपान वा धुम्रपान नगर्नुहोस।
- कानमा हेडफोन लाएर नहिड्नुहोस ।
- भालुको पदचिन्ह, संकेत देखिएमा सतर्क रहनुहोस्।
- भालु देखिएमा शान्त र सतर्क भई दुरी कायम गर्नुहोस ।

तपाईको घर, जंगलको नजिकमा छ?

घरबारीमा चितुवा भालु आउन सक्छ ।सावधान र सुरक्षित रहनुहोस् ।

- साँझ परेपछि बाहिर ननिस्कनुहोस् वा लाईट लिएर सतर्कतापूर्वक निस्कनुहोस ।
- साँझ अबेरसम्म केटाकेटीहरुलाई घर बाहिर खेल्न नदिनुहोस् ।
- घर वरिपरि झाडीहरू सफा गर्नुहोस् ।
- घर बाहिर जंगलतिर फर्काएर बत्ती बालेर राख्नुहोस्।
- सकभर घर गोठ वन्यजन्तुहरू छिर्न नसक्ने गरी बनाउनुहोस ।
- आफ्नो घरमा चर्पीको व्यवस्था गर्नुहोस ।
- घरमा कुकुर पाल्नु उपयोगी हुनसक्छ ।


**थप जानकारीको लागिः**

डिभिजन वन कार्यालय, सोलुखुम्बु

फोन नं.: ९८५२८२८०३४, ९८५२८५१३३४y

इ-मेलः dfosolukhumbu@gmail.com

वेभसाइटः www.dfosolukhumbu.koshi.gov.np